नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७८/०७९

चलानी नं.:- ३८१

मिति:- २०७९/०३/०२

श्री महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका सबै,
श्री गाउँपालिका सबै ।

**विषय: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय कार्यन्वयन सम्बन्धमा ।**

माननीय गृहमन्त्री श्री बालकृष्ण खाँणको अध्यक्षतामा गृह मन्त्रालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको १३ औं बैठकको निर्णय छाँया प्रति (पाना ३) यसै साथ संलग्न छ । आफ्ना निकायसंग सम्बन्धित निर्णयहरु कार्यान्वयनका लागि निर्णयानुसार अनुरोध छ ।

जय राम उप्रेती
शाखा अधिकृत

बोधार्थ:
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, काठमाडौं,
श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वेबसाइटमा सूचना अपलोड गरिदिनहुन) ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरवार, काठमाण्डौ
फोन: ०१४२११०९०
इमेल: ndrrma@gmail.com

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ५०३५
दर्ता मिति:- ३।२

पत्र संख्या: ०७८/७९
च.नं. ९३३३

मिति २०७९।०२।३१

**विषय : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको तेह्रौं बैठकको निर्णय सम्बन्धमा ।**

माननीय मन्त्रीज्यू, सहरी विकास मन्त्रालय ।
माननीय मन्त्रीज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।
श्री सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिवज्यू, अर्थ मन्त्रालय ।
श्री सचिवज्यू, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिवज्यू, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय ।
श्री सचिवज्यू, कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय ।
श्री सचिवज्यू, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय ।
श्री सचिवज्यू, खानेपानी मन्त्रालय ।
श्री सचिवज्यू, गृह मन्त्रालय ।
श्री सचिवज्यू, परराष्ट्र मन्त्रालय ।
श्री सचिवज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय।
श्री सचिवज्यू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री सचिवज्यू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
श्री सचिवज्यू, युवा तथा खेलकुद मन्त्रालय ।
श्री सचिवज्यू, रक्षा मन्त्रालय ।
श्री सचिवज्यू, वन तथा वातावरण मन्त्रालय ।
श्री सचिवज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री सचिवज्यू, सहरी विकास मन्त्रालय ।
श्री सचिवज्यू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री सचिवज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिवज्यू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।
श्री सचिवज्यू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री सचिवज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।
श्री सचिवज्यू, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार ।
श्री रथीज्यू, बलाधिकृत विभाग, नेपाली सेना, जंगी अड्डा, भद्रकाली ।
श्री प्रहरी महानिरीक्षकज्यू, प्रहरी प्रधान कार्यालय, नक्साल ।
श्री स.प्र.महानिरीक्षकज्यू, सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय
श्री मुख्य अनुसन्धान निर्देशकज्यू, राष्ट्रिय अनुसन्धान विभाग ।
श्री कार्यकारी निर्देशकज्यू, नेपाल राष्ट्र बैंक, थापाथली ।
श्री अध्यक्षज्यू, नेपाल दूरसंचार प्राधिकरण ।
श्री सदस्य-सचिवज्यू, समाज कल्याण परिषद् ।
श्री अध्यक्षज्यू, नेपाल चेम्बर्स अफ कमर्स ।
श्री अध्यक्षज्यू, नेपाल रेडक्रस सोसाइटी ।
श्री अध्यक्षज्यू, उद्योग वाणिज्य महासंघ ।

उपर्युक्त विषयमा माननीय गृहमन्त्री बालकृष्ण खाँणज्यूको अध्यक्षतामा मिति २०७९/०२/३० गते गृह मन्त्रालयमा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको तेह्रौं बैठकबाट भएका निर्णयहरुको प्रतिलिपि पाना ३ (तिन) यसैसाथ संलग्न छ । आफ्नो मन्त्रालय/निकायसँग सम्बन्धित निर्णयहरु कार्यान्वयनका लागि निर्णयानुसार सादर अनुरोध छ ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

**सादर अवगतार्थ**
माननीय गृह मन्त्रीज्यूको निजी सचिवालय,
सिंहदरवार, काठमाडौं ।

**मिति २०७९ जेठ ३० गते सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको**

**<u>तेह्रौं बैठकका निर्णयहरू</u>**

**<u>निर्णय नं. १</u>**

मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०७९ स्वीकृत गरी एकीकृत ढंगबाट प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

**<u>निर्णय नं. २</u>**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खरिद गरिएका खोज तथा उद्धार सामग्रीहरू सशस्त्र प्रहरी बल, नेपाललाई गरिएको हस्तान्तरण अनुमोदन गर्ने र थप सामग्रीहरू Mass Casualty Vehicles; fire brigades; ambulances; CSSR जस्ता सामग्रीहरू हस्तान्तरण गर्ने ।

**<u>निर्णय नं. ३</u>**

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जोखिमको अवस्था र तत्काल गर्नुपर्ने आवश्यकता समेतका आधारमा प्राथमिकीकरण गरी माग भएका ठाउँमा जोखिम न्यूनीकरण तथा पूनर्निर्माण एवं भौगर्भिक र विपद् जोखिमको प्राविधिक अध्ययन गर्न गराउन विपद व्यवस्थापन कोषको रकम समेत परिचालन गर्ने ।

**<u>निर्णय नं. ४</u>**

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १० बमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोष संचालनका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली प्रथम संशोधनको रुपमा आवश्यक प्रकृया पुऱ्याई स्वीकृतिको गृह मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

(ख) गृह मन्त्रालयमा रहेको विपद् व्यवस्थापन कोषबाट मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजनामा उल्लेख भएका मनसुनका कारण बाढी र पहिरोको उच्च जोखिम रहेका जिल्लाहरूमा बढीमा ७ लाख सम्म र अन्य जिल्लाहरूमा बढीमा ५ लाखसम्म मनसुन प्रतिकार्यको पूर्वतयारीका लागि प्रचलित कानून बमोजिम खर्च गर्न सक्ने गरी आवश्यक रकम गृह मन्त्रालयले जिल्ला विपद व्यवस्थापन कोषमा निकासा पठाउने ।